नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौ

(प्रकाशित मितिः- २०७८/०४/३१)

## तालीम सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वार्षिक कार्यक्रम अनुसार यस आ.ब. २०७८/०७९ को पहिलो त्रैमासिकमा सीपमूलक (मोटरसाइकल र चार चक्के सवारी मर्मत) एवम् उद्यमशीलता विकास तालीम सञ्चालन हुने हुँदा तालीम लिई भविष्यमा उद्यम व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र अनलाइन आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । देशको जुनसुकै स्थानवाट पनि आवेदन दिन सकिने गरी केन्द्रको वेवसाइटमा रहेको अनलाइन पोर्टलमार्फत अनलाइन आवेदन गर्ने व्यवस्था मिलाइएको छ। यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np मा गएर आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। उक्त वेबसाइटमा आवेदकको योग्यता, तालीमका किसिम एवम् अन्य विस्तृत बिवरण उपलब्ध रहेको व्यहोरासमेत जानकारी गराइन्छ ।

# तालीम सम्बन्धी विस्तृत विवरण

१. प्रशिक्षार्थीलाई तालीममा सहभागी भएवापत् कुनै शुल्क लाग्ने छैन।

२. प्रशिक्षार्थीमा हुनुपर्ने योग्यताः- नेपाली नागरिक, १८ वर्ष उमेर पुरा भएको हुनुपर्ने, मोटरसाईल/चार चक्के मर्मतको हकमा एस.एल.सी. वा सो सरह उत्तीर्ण, उद्यमशिलता विकासको हकमा साधारण लेखपढ ।

३. **अनलाइन निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु (pdf फाइल वा इमेज फाइल ) :-** निम्न कागजातहरुको **pdf फाइल वा इमेज फाइल** अनलाइन आवेदनसँगै पेश गर्नुपर्नेछ।

क) नेपाली नागरिकताको प्रमाणपत्र

ख) पासपोर्ट साईजको फोटो

ग) माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र

ङ) लक्षित समूहमा पर्ने भन्ने खुल्ने कागजात

च) व्यवसायिक योजना संक्षिप्तमा वढीमा २ पेज

४. योग्यता पुगेको आवेदकले पेश गरेको व्यवसायिक योजनालाई मुख्य मापदण्ड मानी प्रशिक्षार्थी छनौट गरिनेछ।व्यवसायिक योजनाको प्रस्तावको ढाँचा केन्द्रको वेभसाईटको सूचनापाटीमा राखिएको छ।

५. गरिव, आर्थिक रुपले विपन्न, दलित, जनजाति, आदिवासी, महिला, मधेसी एवम् सिमान्तकृत पिछडिएका अल्पसंख्यक व्यक्ति, अपाङ्ग, शहिद परिवार, द्वन्द्व पीडित व्यक्तिहरु, रोजगार सूचना केन्द्रमा सूचिकृत वेरोजगार तथा अर्ध बेरोजगार लगायत यस केन्द्रको बेवसाईटमा रहेको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालीम कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ४ ले तोकेको लक्षित समूहमा पर्ने व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइनेछ । लक्षित समूहमा पर्ने भन्ने खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

६. तालीम सञ्चालन हुने समयावधि एवम् स्थानको जानकारी छनौट भएका आवेदकलाई केन्द्रको वेबसाइट www.mcsipc.gov.np मार्फत् जानकारी गराइनेछ ।

७. तालीम सञ्चालन हुने स्थानः- प्रशिक्षार्थीहरुले अनलाइन आवेदन मार्फत् रुचिअनुसार तालीम सञ्चालन हुने स्थान छनौट गरेतापनि यस केन्द्रले स्रोतसाधन, भौतिक पूर्वाधार, बजेट, प्रशिक्षक उपलब्धता जस्ता सीमाभित्र रहेर छनौट हुने स्थान नै लागू गरिनेछ ।

८. म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

९. उपयुक्त संख्यामा आवेदन प्राप्त नभएमा वा अन्य कुनै कारणले केन्द्रले आंशिक वा पूर्णरुपले तालीम कार्यक्रम संसोधन एवम् रद्ध गर्न सकिनेछ ।

१०. दरखास्त पेश गर्नुपर्ने अन्तिम मितिः- २०७८।०५।१९ गतेभित्र (सूचनामा तोकिएको समायावधिभित्र)

११. थप जानकारीको लागि केन्द्रको website मा उल्लेखित केन्द्रको ठेगाना र सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिनेछ।

१२. अनलाइन आवेदन गर्नुपर्ने विवरण एवम् कागजातहरु नभरेको/प्राप्त नभएको वा स्पष्ट नभएको कारण आवेदन रद्ध हुन सक्ने भएकोले आवेदकले आवेदन SUBMIT गर्नुभन्दा पहिले राम्ररी रुजु गर्नुपर्नेछ ।

१३. प्रशिक्षार्थीले तालीममा सहभागी भएवापत कुनै पनि प्रकारको भत्ता एवम् सुविधा पाउने छैन।

१४. प्रशिक्षार्थीहरुले आफू छनौट भएको सूचना, तालीम सञ्चालन हुने स्थान, समय र मितिको जानकारी समय समयमा यस केन्द्रको website हेरी स्वयम् प्रशिक्षार्थीहरुले प्राप्त गर्नुपर्नेछ । यस सम्बन्धमा छुट्टै व्यक्तिगत सूचना दिनुपर्ने गरी माग वा गुनासो आएमा कुनै सुनुवाई गरिनेछैन।

१५. दुईभन्दा बढी तालीमको आवेदन दिन सकिने छैन । एक जनाले सकभर आफ्नो व्यवसायिक रुची अनुसार एक तालीमको छनौट गर्ने निवेदकलाई प्रोत्साहन गरिनेछ ।

१६. संचालन हुने तालीमका बिषयहरुः संचालन हुने तालीमका बिषयहरुको सूचि निम्न तालिकामा राखिएका छन् ।

| सि.नं. | तालीमको विषय | छनोट हुने संख्या जना | तालिम संचालन हुने स्थान |
|---|---|---|---|
| 1 | मोटरसाइकल मर्मत | २२ | काठमाडौ उपत्यकाभित्र |
| 2 | Auto mechanic (गाडी मर्मत ४ चक्के) | २२ | काठमाडौ उपत्यकाभित्र |
| ३ | उद्यमशीलता विकास | १०० | काठमाडौ उपत्यकाभित्र |

१७. अनलाइन पोर्टलमा दरखास्त पेश गर्ने तरिकाः-

क) बेवसाईट www.mcsipc.gov.np मा गएर अनलाइन आवेदनमा Click गर्ने, दर्ता गर्नुहोस् मा Click गर्ने र User Agreement मा Click गर्ने ।

ख) Name, Phone Number, Email, Password राख्ने र "I accept" र "I am not Robot" मा Click गर्ने, "दर्ता गर्नुहोस्" मा Click गर्ने त्यसपछि तपाईको Account Create हुन्छ। अब login मा गएर User name र Password राख्ने ।

ग) Email र Password सुरक्षित राखी सूचना अवधिभरि विवरणहरु पटकपटक हेर्न र प्रिन्ट गर्न सक्नुहुनेछ ।

घ) व्यक्तिगत विवरण मा Click गरि निवेदकको व्यक्तिगत विवरण भरि, तालीम, शैक्षिक योग्यता, अनुभव लगायतका बिवरणहरु भर्नुपर्नेछ।"निवेदकको व्यक्तिगत विवरण" खण्डमा "कागजात" मा "छान्नुहोस्" Click गरेपछि सम्बन्धित कागजातले Click गरी Select गर्ने र "Choose File" मा गएर सम्बन्धित फाईल Select गरेपछि Upload Click गर्ने ।फेरी अर्को कागजात Click गर्ने र पुन यही प्रकृया दोहोर्याई सबै कागजात Upload गर्ने । निवेदन/दरखास्त खण्डमा Click गरी आवश्यक बिवरण भरेर Apply मा Click गर्नुपर्नेछ । व्यवसायिक योजना अनलाईनमा नै टाईप पनि गर्न सकिने वा Image वा pdf फाईल अपलोड गर्न सकिने व्यवस्था रहेको छ ।